# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek





**विनोदको गीति कोशेली**

- *विस्तृत अन्तिम पृष्ठमा*

वर्ष ९ अङ्क २ पूर्णाङ्क ३९१ | आइतवार, असोज ९, २०७३ | Sep. 25, 2016, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-

# डेढ करोडको कुराकानी

■ **सन्तोष गौतम/नवविकल्प**



बेनपा १ आनन्दबगरका कृषक रुद्रबहादुर थापा मोवाईलबाट तरकारीको बजारीकरण गर्दै । तस्विर : नवविकल्प

जिल्लाबासीले मोवाइल र टेलीफोनमा कुराकानी गर्न मासिक करिब डेढ करोड रूपैयाँ खर्चने गरेका छन् ।

नेपाल टेलिकमको बेनी शाखाले संकलन गर्ने टोलीफोन महशुल र बिक्री भएको रिचार्ज कार्डको विवरण अनुसार म्याग्दीबासिले मोबाइल र टेलीफोनमा कुरा गर्न मासिक एक करोड ३५ लाख रूपैयाँ खर्च गरेको पाइएको हो ।

नेपाल टेलीकम र एनसेलको अधिकृत बिक्रेताहरूले म्याग्दीमा मासिक एक करोड १५ लाख रूपैयाँ बराबरको रिचार्जकार्ड बिक्री हुने गरेको बताएका छन् । नेपाल टेलिकमको म्याग्दी शाखाले मासिक बिस लाख रूपैयाको अनुपातमा टेलीफोन महशुल संकलन गर्छ ।

यो तथ्याङ्क पोखरा र बागलुङबाट ल्याएर बिक्री हुने रिचार्ज कार्ड बाहेकको हो । इन्टरनेट सेवा प्रदायक कम्पनी र फुटकर रूपमा आयात हुने रिजार्च कार्डको बिक्रीलाई जोड्दा म्याग्दीबासीले सञ्चार सुबिधाका लागि मासिक डेढ करोड रूपैयाँ खर्चेको पाइन्छ ।

म्याग्दीमा नेपाल टेलिकम र एनसेल कम्पनीले सञ्चार सुबिधा विस्तार गरेका छन् । ग्रामिण क्षेत्रमा मोवाइल सेवा विस्तार हुने क्रमसंगै रिजार्च कार्डको बिक्री पनि बढेको नमस्ते ट्रेड बेनीका सञ्चालक केशवराज आचार्य (अर्जुन)ले बताउनुभयो ।

नमस्ते ट्रेड एनसेल कम्पनीको म्याग्दीका लागि सिम र रिचार्ज कार्डको अधिकृत बिक्रेता हो । म्याग्दीमा नेपाल टेलिकमको रिजार्च कार्डको अधिकृत बिक्रेताको रूपमा गौतम कम्युनिकेशनले कारोबार गर्दै आएको छ ।

पारी बेनीमा रहेको मल्लाजी किराना स्टोर्सका सञ्चालक खिमनाथ शर्माले पनि म्याग्दी र पर्वतको उत्तरी क्षेत्रमा एनसेल र नमस्तेको रिचार्ज कार्ड बिक्री गर्दै आउनुभएको छ । एउटा बिक्रेताले मासिक तिस देखि ४५ लाख रूपैयाँ सम्मको रिचार्ज कार्ड बेच्ने गरेका छन् ।

म्याग्दीमा नेपाल टेलीकमको मोवाईल, सिडीएमए, स्काई, ल्याडलाईन, वाईम्याक्स र एडीएसएल सञ्चार सेवा प्रयोगकर्ताको संख्या ८२ हजार पाँच सय जना छ । जिल्लाको ६२ प्रतिशत भन्दा बढी जनसंख्यामा नेपाल टेलिकमको सञ्चार सेवा पुगेको शाखा प्रमुख बिष्णुदेव शाहले बताउनुभयो ।

बि.स २०६८ को जनगणना अनुसार म्याग्दीको जनसंख्या एक लाख १३ हजार छ । सरकारी स्वामित्वको टेलिकमले १७ वटा मोबाइलको बिटिएस, ६ वटा सिडीएमए र चार वटा वाइम्याक्सको टावर सञ्चालन गरेको छ ।

ताकममा मोबाइलको बिटीएस जडान गर्ने काम गरिरहेको टेलीकमले चालु आर्थिक वर्षमा पाखापानी, बेगखोला, दाना, अर्मन, ओखरबोट र मुनामा जिएसएम मोवाईल सेवा विस्तारका लागि बिटिएस टावर स्थापना गर्न सर्वेक्षण सम्पन्न गरेको छ । निजी क्षेत्रको बहुराष्ट्रिय दुरसञ्चार सेवा प्रदायक एनसेलले टेलिकम पुगेको बाहेकका ठाउँमा समेत आक्रामक रूपमा सेवा विस्तार गरेको छ । एनसेलको प्रयोगकर्ताको

*बाँकी पृष्ठ ७ मा*

# शिक्षामा सन्तोषजनक पहुँच

■ **नवविकल्प**



फोटो : सिद्ध निमावी रितुङ निस्कोटका विद्यार्थी पिटी खेल्दै । फाइल तस्विर

म्याग्दीबासीको शिक्षामा पहुँचको अवस्था सन्तोषजनक रहेको पाइएको छ । पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयले गत वर्षको तथ्याङ्कलाई आधार बनाएर गरेको अध्ययन अनुसार हालै सार्वजनिक गरेको तथ्याङ्कमा साक्षरता, विद्यालय भर्ना, सिकाइ उपलब्धि लगायतका सूचकहरूमा म्याग्दी अगाडी देखिएको हो ।

राष्ट्रिय र क्षेत्रीय आँकडामा कक्षा छाड्ने दर, प्राबि तहमा कक्षा दोहोराउने र कक्षा ८ को उतिर्ण दर बाहेकका अन्य सूचकमा म्याग्दी अगाडी देखिएको जिशिअ रामप्रसाद अधिकारीले बताउनुभयो । निर्देशनालयले ३८ वटा सूचकमा १६ जिल्लाको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरेको थियो ।

जिल्लाका १५ देखि ६० वर्ष उमेर समूहका ८५ प्रतिशत भन्दा बढी बासिन्दा साक्षर भएका छन् । १५ देखि ६० वर्ष उमेर समूहका ८२ हजार ८२६ जनसंख्या मध्य ७८ हजार ८८२ जना साक्षर बनेको शिक्षा कार्यालयले जनाएको छ ।

चार वटा गाविसलाई साक्षर घोषणा गरेको शिक्षा कार्यालयले बेनी नगरपालिको दश वटा वडा र १६ वटा गाविसलाई साक्षर घोषणा गर्न सकिने अवस्थामा छन् । राष्ट्रिय स्तरमा बालविकास केन्द्रमा भर्ना हुने बालबालीकाको संख्या ६२.४ र क्षेत्रमा ६१.८ प्रतिशत रहेकोमा म्याग्दीमा ८० प्रतिशत रहेको छ ।

कक्षा १ मा भर्ना हुने दर ९३.९ प्रतिशत रहेकोमा जिल्लाको ९५.९ रहेको छ । आधारभुत तहको खुद भर्नादर राष्ट्रिय स्तरमा ८९.४ र क्षेत्रीय स्तरमा ९०.७ रहेकोमा म्याग्दीका ९२.१ प्रतिशत छ । प्रा.बि तहमा उमेरमा भर्ना हुने विद्यार्थीको संख्या राष्ट्रिय स्तरमा ९६.६ प्रतिशत भएकोमा म्याग्दीका ९५.२ छ ।

*बाँकी पृष्ठ ७ मा*


प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

**बागलुङ देवी सुन चाँदी गहना पसल**

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी

फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

**जि.सी. क्रसर उद्योग**

बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९-५२०५२०, ९८०२०६०३२२ (श्याम)

९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

STUDY & WORK IN **JAPAN**

Admission Open .........

**Our Services:-**

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

**TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.**

**INTAKE: April/July/October/January**

Your bridge for aboard study in **Japan**
for more detail visit us............

**S. Raj Language Institute (P) Ltd.**

*Sangam Chock-Beni*

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।


# सूचना

**जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं ।**

नेपाल सरकार

**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**

**सूचना विभाग**

# बोली

## गोपाल पौडेल



एउटै घटनाका पीडितहरूलाइ हरेक थरिका सघसस्था हुँ भन्दै सहयोग उठाउन आउँदछन् । बजारवासीहरू हैरानै भैसकियो वास्तवमा एउटा घटनाको सहयोग एक पटक मात्र उठाउने ब्यबस्था गरे राम्रो होला कुन बैधानिक सस्था हो कुन अबैधानिक यस्को निगरानी नियमन गर्ने कस्ले हामीले पटक पटक एउटै घटनाका पीडितलाइ दिएको सहयोग पीडितको हतमा पऱ्योकि परेन केही थाहा भएन् जिल्ला प्रशासन कार्यालय म्याग्दीले यसको निगरानी गर्न आवस्यक छ ।

## पुष्कर वि.क



म्याग्दीका राजनैतिक दल,सरोकारवालाहरूलाई प्रसंशाको मन्द विष पिलायर काफलको बोटमा चरिनाच गर्न पल्केका कार्यलय प्रमुखहरूको ज्यादती बिरुद्ध "बादशाहा नाङ्गा छन" भनेर सुरू गरियको युवा पत्रकार ,र नागरिकहरूको अभियानलाई बाधा पुऱ्याउनेहरू जो भयपनि स्याल नै हुन कि कसो ???

## मात्रिका पौडेल



राष्ट्रपति उपराष्ट्रपति ज्यूले कृपा गरेर विहान ८ देखि बेलुका ८ सम्म निवास बाहिर निस्कने कष्ट नउठाइदिए जनताले जय गाउँथे तपाई निस्कदा हामी थुनिन्छौ ।

## भुपेन्द्र वुढाथोकी



अबको निर्वाचन - जनमत संग्रह गरौ, संसदीय ब्यबस्था बिरुद्ध प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणाली

## बद्रीप्रसाद शर्मा



प्रधानमन्त्रीले खाजा खर्च भनेर जति खर्च गरे पनि हुने रहेछ क्याहो ? पुर्व प्रधानमन्त्री केपी ओलीले खाजा खर्च भनेर दैनिक ४५,४३७ रूपैयाँ खर्च गरेको देखियो अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दैनिक ११३०५.६ को खर्च गरेको देखियो । क्यान्टिन त राम्रै चल्ने रहेछ प्रधानमन्त्री कार्यालयको ?

## दीपक कार्की



गलत कुराको संरक्षण गरेर, कसरी सभ्य समाजको निर्माण गर्न सकिन्छ ?? चाकरीलाई ईमान्दारिता संभने, हाउभाउँलाई काम संभने केही थान मानबको कथा कथिनसक्नु छ ।

## गोविन्द सुवेदी



अपराधीका नायकहरु मनपरी चल्दैन सधैं पुनःजनअदालतको कठघरमा उभिएर यस्ता जघन्य अपराधीहरुलाई ऊन्मुक्री दिएबापत धेरै महंगो मूल्य चुकाऊनु पर्ने छ ।

## दिनेश ढकाल



वर्ल्ड हेल्थ अर्गनाइजेसनका अनुसार मोबाइलको बढी प्रयोगले ब्रेन क्यान्सर हुने सम्भावना बढाउँछ । जसले दैनिक डेढदेखि दुई घन्टा लगातार दस वर्षसम्म मोबाइलमा कुरा गर्छन् उनीहरुमा करिब ४० प्रतिशत ब्रेन वा स्पाइनमा ट्युमरको समस्या हुन्छ ।

## मुमाराम खनाल



जघन्य अपराधीहरूलाई समेत राजनीतिको आवरणमा उन्मुक्ति दिदैं जाँदा यो मुलुक लोकतान्त्रिक होइन, ठोकतान्त्रिक ठेकेदारहरूको बिर्ता बन्दैछ ।

## मीक बुढाथोकी



धन्न भारत जस्तो छिमेकी छ र पो नेपालीले हिजो प्रचण्ड र आज केपी जस्तो राष्ट्र भक्ति नेता पाएकाछन् नत्र त उहिलेइ बिरेन्द्र मदनको भैं हालत हुन्थ्योहोला ।


शुद्ध टाइपिङ, स्तरीय डिजाइन र सेटिङ्का लागि हामीलाई सम्झनुहोस्–

**शर्मा डेस्कटप**

**SHARMA DESKTOP**

बेनीबजार, म्याग्दी

मो.नं. ९८५७६२१५६०


# फोटो कथा

सन्तोष गौतम





*बेगखोलामा बाढीका कारण सवारी साधन वार पार गर्न नसकेपछि रुख तेर्साएर बनाइएको साघुबाट खोला तर्दै गरेका पर्यटकलाई सघाउदै सुरक्षाकर्मी ।*




*कास्कीको नयाँपुल हुँदै म्याग्दीको घोडेपानीको पदयात्रामा जाने तयारी गर्दै पर्यटकरु ।*



*म्याग्दीको बेगखोलाले कटान गरेर बनाएको बगर र जोखिममा परेका घरहरु ।*

'भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ति गरुन् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्ट्याई छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।'

# भावपूर्ण श्रद्धाञ्जली



जन्म : २०२६ चैत २७

स्वर्गारोहण : २०७३ भदौ ३१

**स्व. लक्ष्मी जैसी**

पाल्लेखेत गाविस २ निवासी पाल्लेखेत स्वास्थ्य चौकीमा कार्यरत अनमी लक्ष्मी जैसीको २०७३ भदौ ३१ गते ४७ वर्षको उमेरमा भएको स्वार्गारोहणले हामीलाई मर्माहत तुल्याएको छ । यस दुःखद क्षणमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तब्ध परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगिता खत्री** — प्रमुख
एवम्
**तिलक पौडेल** — अध्यक्ष

**पाल्लेखेत स्वास्थ्य चौकी व्यवस्थापन समिति परिवार**
**तथा पाल्लेखेतका सबै महिला स्वास्थ्य स्वमसेविकाहरु**

'भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ति गरुन् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्ट्याई छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।'

# भावपूर्ण श्रद्धाञ्जली



जन्म : १९८८ साउन १५

स्वर्गारोहण : २०७३ असोज ६

**स्व. सरस्वती बराइली**

पर्वत माझफाँट घर भई हाल बेनी नगरपालिका ७ गणेशटोल निवासी दलित सञ्जाल माझफाँट पर्वतका अध्यक्ष समाजसेवी तथा दलित आन्दोलनका अग्रज व्यक्तित्व रामबहादुर वि.क की ममतामयी आमा सरस्वती बराईली बिश्वकर्माको यही मिति २०७३ साल असोज ६ गते ८५ वर्षको उमेरमा भएको स्वर्गारोहणले हामीलाई दुखित तुल्याएको छ । यस शोकको घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तब्ध परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

**दलित सञ्जाल परिवार**
**माझफाँट, पर्वत**

# म माथि लगाइएका आरोपहरू गलत छन्



रुद्रवहादुर कार्की

अङ्क ४७ श्रावण ३० २०७३ गतेको नवविकल्प साप्ताहिक पत्रिकाको पेज नं ४ मा आफ्नै जिल्लाका चिनेजानेका नजिकैका नातेदार ०४७ को परिर्वतन पछि म्याग्दी जिल्लाबाट सांसदमा निर्वाचित (नेकपा एमाले) विद्वान लेखक तथा नेता चन्द्रप्रकाश वानियाँजीको फोटो सहितको लेख पढ्दै जाँदा मेरै विषयमा मेरै मान मर्दन हुने गरी हाइलाईट गरिएको लेखप्रति मेरो गम्भिर ध्यानार्कषण भएको छ । हुनत उहाँको लेख लेख्ने अरू केहि विषय बस्तु नपाए र हो कि आजभन्दा पहिले पहिले पनि विशेष गरी यस जिल्लाको नेता भिमप्रसाद गौचनका विषय र मेरो विषयमा लेखहरू नआएका होइनन् । त्यस्ता लेखहरू प्रति ध्यानदिने मलाई फुर्सद पनि छैन् तर पछिल्लो लेख प्रति वानियाँजीले अत्यन्त पूर्वाग्रही भई नितान्त झुट्टा, कपोकल्पित, मन गणन्ते लेख मार्फत पछिल्ला पुस्तालाई मेरो राजनीति जीवन, सामाजिक इज्जत, प्रतिष्ठा, मान मर्यादा प्रति भ्रम फैलाउने ब्यर्थको प्रयास गर्नु भएकोमा दुःख प्रकट गर्दै पाठकहरू समक्ष यसै लेखद्वार सत्य तथ्य कुरा जानकारी गराउन चाहान्छु । एक पटक देशको नीति, निर्माण गर्ने स्थानसम्म पुगेको म्याग्दीको वुद्धिजीवी सर्कलमा गनिने ब्यक्तित्वलाई झुठको खेतीले कुन हदसम्म उचाईमा पु¥याएको छ उहाँलाई नै थाहा होला ।

म्याग्दी सदरमुकाम आसपासमा केही यस्ता लत बसेका मानिसहरू छन् । उनिहरूलाई मुद्दा मामिला नगरी निद्रा नपर्ने, खाना पनि नरूच्नेहरू गाउँ छिमेकी, समाज र कोही नपाए आफ्नै घरभित्रका सदस्यलाई भए पनि मुद्दा हाल्नै पर्ने, तारेख बोक्नै पर्ने ब्यक्ति पनि छन् । बानियाँजीको नियति पनि त्यस्तै देखिन्छ । आफुलाई मन नपरेको नेताहरूको खोइरो खन्नै पर्ने, झुट्टा काल्पनिक लेख म्याग्दीका पत्रिकामा प्रकाशित गर्नै पर्ने, यस्ता ब्यक्तिहरू केवल नकारात्मक सोच मात्र राख्दा रहेछन् । विषय बस्तु के हो भने बानियाँजीले ०३७ सालको जनमत संग्रह पछि ०३८ सालको जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतको निर्वाचनमा उपसभापति पद नपाएर गौचन समुह क्याम्पबाट निस्केर टोपीले पसिना पुछ्दै बेनीबजारको गल्ली गल्ली म्याराथुन दौड जस्तैः दौडेर विपक्षीको क्याम्पभित्र पसेको भनि गम्भिर आरोप लगाउनु भएको छ । मन नपरेको मान्छेको चरित्र हत्या गर्न मानिस कतिसम्म तल झर्दा रहेछन् भन्ने कुरा त्यो लेखले स्पस्ट गरेको छ । उहाँको लेखमा ०३७ सालको जनमत पछि ०३८ सालको जिल्ला पञ्चायत सभापति उपसभापतिको निर्वाचनको बारेमा कुरा लेख्नु भएको छ । उहाँलाई त्यतिसम्म पनि ज्ञान रहेनछ कि ! ०३८ सालमा बालिकामताधिकारको आधारमा राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन भएको थियो । जिल्ला पञ्चायतको निर्वाचन ०३९ सालमा भएको हो, त्यति पनि हेक्का राख्न नसक्नेका बाँकी कुरा सत्यहुन भनेर कसैले पत्याउनै सक्दैन । त्यसैले उहाँको नियत छर्लङ्ग भएको छ । उहाँको पार्टीले गर्नु गरे पनि अझै किन चित्त नबुझेको हो कुन्नी ? म्याग्दी जिल्लाको राजनीति विषयमा भन्नुपर्दा खुराफाती राजनीतिमा म भन्दा सिनियर हुनु होला तर प्रत्यक्ष राजनीति र सामाजिक क्षेत्रमा मैले धेरै नै भोटो फटालेको छु । जिल्ला र जिल्लाबासिको लागि पसिना पनि धेरै बगाएको छु म खोला तर्ने लौरो विर्सने अवसरबादी होइन ।

जहाँसम्म समुह परिवर्तनको विषय छ मैले २०२७ सालमा घतान पञ्चायत युवक सङ्गठनको सभापतिबाट राजनीति सुरू गरेको हो । २०२८ साल अषाढमा युवक संगठनको जिल्ला उपसभापति २०२८ पुषमा धौलागिरी अञ्चल युवक सङ्गठनको सभापतिमा निर्वाचित भएको थिए । त्यति बेलामासम्म म कुनै समुहमा सलग्न थिइन् । २०२९ सालको जिल्ला पञ्चायत निर्वाचनमा गौचनको विपक्षी समहका जि.पं सभापति उमेद्वार गोपाल नारायन भट्टचन सभापति निर्वाचन हारे पछि घतान वडा नं. ७ को वडा अध्यक्ष पद रिक्त भयो । ०३० सालमा भएको निर्वाचनमा वडा अध्यक्ष पदमा म उठ्ने निर्णय गरे पश्चात् गौचनका विपक्षी समुहले गोपाल नारायणजीलाई मेरो विरूद्धमा उमेद्वार बनाएका थिए त्यसैले म स्वतः भिमप्रसाद समुहमा जान बाध्य भए । वडा अध्यक्ष पदमा म अत्याधिक मतले विजय भए । ०३२ सालको सविधान संसोधन अनुसार पुनः स्थानिय निर्वाचन भयो म २०३५ साल फागुनमा निर्विरोध प्रधानपञ्च पद्मा निर्वाचित भए ०३५ सालकै जेष्ठमा जिल्ला पञ्चायतका सदस्यमा निर्वाचित भएको वर्ष दिन नपुग्दै ०३६ सालमा पञ्चायतका

## खण्डन

सबै निकाय खारेज गरी जनमत सङ्ग्रह घोषणा र ०३७ सालमा जनमत सङ्ग्रह सम्पन्न पश्चात् २०३८ सालमा बालिकमताधिकाको आधारमा राष्ट्रिय पञ्चायताको निर्वाचन भयो । विपक्षीहरूको सङ्गठन अत्यन्त कमजोर भएकाले नेताको खडेरी थियो । निर्वाचन लड्ने हिम्मत कसैको थिएन् । जबजब राष्ट्रिय निर्वाचन हुन्छ तबतब उमेद्वारको खोजी गरी उठाउने गरिन्थ्यो । बानियाँजीको पनि त्यही समुहलाई सर्मथन थियो । ०३८ सालको रा.पं निर्वाचनमा राजाकै नजिकका नातेदार जर्नेल शान्तकुमार मल्लका काका पूर्वअञ्चालाधिस नन्दबहादुर मल्ललाई गौचनको विपक्षमा उमेद्वार उठाइयो ठूलै प्रतिस्पर्धाका बाबजुत गौजनजीकै जित भयो । मल्ललाई समर्थन गरेमा मलाई अञ्चलाधिस बनाई दिने आश्वासन दिनु भएको थियो र पनि मैले समुह परिवर्तन गरिन्, सायद मैले गौचनजीलाई असहयोग गरेको भए उहाँ हार्नु पनि हुन्थ्यो, तेतिमात्र होइन दरबारका प्रमुख सचिव राजाका दाइने हात रन्जनराज खनाल र गौचनजीको बिचमा ठूलै अनमेल थियो, खनालजी गौचनलाई देखी सहन्न थिए । म सभापति छदै २०४३ सालको रा.पं निर्वाचनमा खनालले गौचनलाई निर्वाचन हराएमा मलाई मन्त्री बनाई दिने विश्वास दिनु भएको थियो । त्यो योजनामा म सफल हुन्थे पनि तर मैले राजनीतीमा बेइमानी गरिन् । २०३० सालदेखि पञ्चायति ब्यवस्था रहेसम्म र उहाँहरूको जेल जिबन र त्यसपछि पनि २०५७ सम्म एउटै समुह र पार्टीमा काम गरेका हौं । यो कुरा जिल्ला बासि मात्र होइन राष्ट्रिय राजनीतीमा चासो राख्ने जो कोहीलाई अवगत छ । त्यसैले समुह परिवर्तनका लागि म्याराथुन दौड गऱ्यो भन्नु अत्यन्त लज्जास्पद र चरित्र हत्या गर्ने नियत बाहेक अरू केही हुन सक्दैन मेरो चरित्र हत्याले ठूलै लाभ प्राप्त हुन्छ भन्ने त्यसमा शुभकामना छ ।

२०३९ सालको जि प. निर्वाचनमा अचल प्रशासनको प्रत्यक्ष सलग्नमा मेरो क्षेत्र र गौचनजीको क्षेत्रको मतपेटीका विपक्षीहरूले तोडफोड गरी पुनः मतदान गर्दा पनि अत्याधिक मतले जि.प सभापतिमा विजयी भएको थिए । सभापतिको पदावधी सकिनु अघि नै राजा विरेन्द्रबाट पञ्चायत नीति तथा जाँचबुझ समितिको माननिय सदस्यमा मनोनित भएको थिए २०५८ सालमा पनि पूर्व राजा ज्ञानेन्द्रबाट राजपरिषद्को सम्माननिय सदस्यमा समेत मनोनित भए तर त्यो मेरो चाहाना थिएन् । यहि मेरो राजनीति इमान्दारीता हो । प्रत्येक पटकको निर्वाचनमा आर्थिक कारोबार बाहेक हाम्रो समुहको निर्वाचन रणनीति बनाउने मुख्य जिम्मेवारी मेरो नै थियो । हाम्रो समुहको राजनैतिक सङ्गठन अत्यन्त मजबुत थियो । त्यसैले आफ्नो पक्कि घर छोडेर भूसको घर जानुको औचित्य नै थिएन लाटोलाई पनि थाहा हुने कुरा थियो । राजनीतिज्ञहरूलाई १०० वर्ष पछि के हुन्छ भन्ने कुरा पहिले नै थाहा हुन्छ । हामीले १ बर्ष पछि के हुन्छ भन्नेसम्म सोच्न सक्दैनौ । गौचनजी जेलमुक्त पछि कहिले राप्रपा, कहिले काँग्रेस, कहिले एमाले र फेरी राप्रपा नगर्नु भएको भए हालसम्म पनि एकै ठाउँमा हुने थियौ होला । दुर्भाग्यबस त्यसो हुन सकेन र पनि आज म जहाँ छु जे छु पूर्ण सन्तुष्टी छु । हाल आफ्नै जिल्लाको धार्मिक क्षेत्रको भौतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय क्षेत्रको विकास गरी गलेश्वरधाम क्षेत्रलाई विश्वसामु पहिचान गराउन, सामाजका संरक्षक विहिन अवस्थामा अलपत्र परेका अनाथ, असक्त अपहेलित, अपाङ्ग वृद्धा तथा एकल महिला गरी ६० जनालाई दैनिक निःशुल्क भोजन र गासबाँस कपासको ब्यवस्था गर्न र राज्यकै तर्फबाट जबरजस्ति लोप गराउन लागिएको बैदिक सनातन धर्म संस्कृतको संरक्षण, सर्म्बद्धन गरी हिन्दु समाजको रक्षाका लागि प्रचासप्रसार गर्न गराउन संस्कृत विद्यालय सञ्चालन जस्ता सामाजिक कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पूर्ण सफल भएको छु,। मैले पु¥याएका योगदानहरू सबैका अगाडी छर्लङ छन् । त्यसैले जस्ले जे आरोप लगाउँदै गरून आफुले गरेका मानव सेवा प्रति शुखी, आन्दित र सन्तुष्ट छु ।

अन्तमा म बानियाँजीलाई बिनम्र आग्रह गर्दछु आपसी सदभावमा ठेस् पुग्ने गरी ब्यर्थका आरोप लगाएर समयलाई बर्बाद पार्नुभन्दा नकरात्मक सोचलाई त्यागी सकरात्मक सोचद्वारा जे सकिन्छ जति सकिन्छ आफु जन्मेको हुर्केको मान प्रतिष्ठा दिएको जिल्ला र जिल्लाबासिहरूको उन्नति, प्रगति र सम्बृद्धिका लागि सक्दो सहयोग गरौं यसैमा भलो हुनेछ ! अस्तुः देवाधिदेव श्री गलेश्वर महादेवले कल्याण गरून ! ■

# हार्दिक बधाई



दिपक कार्की ७९.६% (जिल्ला प्रथम) | होम उपाध्याय ७२.८% | सम्झना पुन ७१.०% | एलिसा पुन ७०.२% | निसान बानियाँ ६९.८% | राजु छन्त्याल ६८.८% | कल्पना के.सी. ६२%



विष्णु सुवेदी ६८.४% | रुपेश कार्की ६६.२% | देउकुमार पुर्जा ६५.६% | नहकुल सुवेदी ६४.४% | योगराज शर्मा ६४.४% | अमरसिंह थापा ६२.६% | ललिता छन्त्याल ६२.६% | प्रेम क्षत्री ६२.४% | दिपक थापा ४८.८% | विशाल पुर्जा ६१.६%



अनिता आले ६१.६% | देलिप जि.सी. ६१.६% | तिलक पुन ६०.४% | शिशिर दगामी ६०.२% | दिवस छन्त्याल ५७.६% | बर्षा आले ५५.४% | सन्तोष चोखाल ५५.४% | शिव भण्डारी ५५% | पुजन कँडेल ५४.४% | सिर्जन फगामी ५४.४%



नविन पुन ५३.८% | समिर खान ५३.२% | करिष्मा गर्बुजा ५२.८% | विनय सि.के. ५२.२% | सुसन भण्डारी ५१.६% | श्याम खत्री कोइराला ५१.२% | सपना परियार ५०.८% | हेमा बानियाँ ५०.४% | कपिल वि.के. ५०.२% | चन्द्रबहादुर मगर ५०%



अञ्जना के.सी. ४९.६% | सरोज पुन ४९.४% | करुणा सुनार ४९% | नारायण पर्जा मगर ४८.६% | प्रकाश लामगारे ४८% | अनिता सुनार ४७.६% | लोकेन छन्त्याल ४७.६% | रवि बानियाँ ४७.६% | सन्तोष भण्डारी ४७.४% | सोयसा छन्त्याल ४७.४%



प्रजु वि.के. ४७% | पदम कार्की ४६.२% | पूर्णकुमारी पुर्जा ४६.२% | तिलक कार्की ४६% | विप्लब सेन ४५.८% | मिलन बानियाँ ५०.८% | विष्णुमाया दर्जि ४५.६% | रोमि गुरुङ ४५.२% | खुमकुमारी फगामी ४४.६% | नरमाया नेपाली ४४.६%



सिजन शाही ४४.४% | इन्दीरा वि.क. ४४.०% | अञ्जनाकुमारी के.सी.४२.८% | भिमनाथ पौडेल ४२.८% | चिना फगमी मगर ४२.६% | सगिता छन्त्याल ४२% | सिर्जना वि.क ४२% | विष्णुप्रसाद शर्मा ४२% | पवित्रा भण्डारी | अञ्जु शेर्पुजा



अरुणा के.सी. | अस्मिता पौडेल | अस्वीन भण्डारी | विमल किसान | विशाल थापा | दिपल भण्डारी | दिपेश शाही | हिमेश पुन | जेनिसा सेन्चुरी | मनिशा कार्की



मोमसरा सिउथानी | रवि छन्त्याल | रजिता भण्डारी | राम घर्ति | रामकुमारी थापा | सविन सुवेदी | सपना पौडेल | शिव वि.क. | शोभा छन्त्याल | तिलकुमारी सुवेदी



उपेन्द्र गिरी | यकेन्द्र सुवेदी | यमुना पुन | सरला किसान | तुवल वि.क.

जिल्लाको शैक्षिक इतिहासमा सर्वोत्कृष्टता हासिल गर्न सफल यस माउण्ट एभरेष्ट आवासीय उच्च माविले, उच्च माध्यमिक शिक्षा परिषद्द्वारा लिइएको कक्षा–१२ को परीक्षामा सदा झैं जिल्ला प्रथम सहित उत्कृष्ट नतिजा हासिल गर्न सफल भएकोमा सम्पूर्ण उत्तीर्ण हुने विद्यार्थीहरु, अध्यापन गर्ने शिक्षक र व्यवस्थापकहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

| डेकबहादुर बानियाँ | राजु बानियाँ | राजु केसी | चन्द्रकुमार केसी |
|---|---|---|---|
| वि.वि.व्य.स. अध्यक्ष | वि.व्य.स.स. सदस्य | प्रिन्सिपल | संस्थापक/निर्देशक |

## *तथा* माउण्ट एभरेष्ट आवासीय उच्च मावि परिवार

**हिलसाईड/शिक्षामार्ग, बेनीबजार, म्याग्दी**

# लायन्सद्वारा नेपानेमा शैक्षिक सामाग्री र बाख्रा वितरण

**■ नवविकल्प**

लायन्स क्लब अफ बेनीले शनिबार बेनपा-८ नेपानेका बालबालिकालाई शैक्षिक सामाग्री र विपन्न समुदायलाई बाख्रा सहयोग गरेको छ ।

४ वर्षअघि लायन्स गाउँ घोषित नेपानेमा बसोबास गर्ने ३१ घरपरिवारका ६० जना बालबालिकाहरूलाई शैक्षिक सामाग्री र सात घर विपन्नलाई बाख्रा वितरण गरिएको हो । बालबालिकाको पठनपाठन र समुदायको आयआर्जनमा सहयोग पुगोस भनेर शैक्षिक सामाग्री र बाख्रा सहयोग गरिएको क्लबका अध्यक्ष ठाकुरप्रसाद शर्माले बताउनुभयो ।

बुद्धीकला मिजार, सिला बानीयाँ, भारती नेपाली, गुमा परियार, उर्मिला बानियाँ, बम बहादुर मिजार र मैना खत्रीलाई एक/एक वटा बाख्रा पैँचो स्वरूप प्रदान गरिएको हो । एक वर्षपछि सो बाख्रा फिर्ता गर्नुपर्नेछ । कार्यक्रममा लायन्स क्लब अन्तराष्ट्रिय ३२५ बि वानका सल्लाहकार सन्तोष रावलले सहयोगको सदुपयोग गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा लायन्स क्लब अफ बेनी म्याग्दीका अध्यक्ष शर्मा, बरिष्ठ उपाध्यक्ष अमर बानीयाँ, कोषाध्यक्ष सुमन श्रेष्ठ, सहसचिब रविराज शर्मा र सचेतक नारायण कुमार बरालले विद्यार्थीलाई शैक्षिक सामाग्री र विपन्न परिवारका सदस्यलाई बाख्रा हस्तान्तरण गर्नुभएको थियो । उक्त अबसरमा स्थानीय युवाहरूलाई क्लबले एक /एक थान बल, नेट र पम्प समेत हस्तान्तरण गरेको थियो । क्लबले उपलब्ध गराएको शैक्षिक सामाग्री सयपत्री कापी उद्योग चितवनले सौजन्य गरेको हो ।

# लक्ष्य अघि नै योजना सम्पन्न

**■ नवविकल्प**



म्याग्दीको बाबियाचौरका बासिन्दाले लक्ष्य अघिनै खानेपानी योजना निर्माण गरेका छन् ।

तिन वर्षमा सम्पन्न गर्ने लक्ष्य सहित बाबियाचौर ५ मा आर्थिक वर्ष २०७१र७२ मा सुरू भएको बाबियाचौर खानेपानी तथा सरसफाई आयोजना अनुमानीत लागत भन्दा कम खर्चमा एक वर्ष अघिनै सम्पन्न भएको हो ।

खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयसंग २०७४ असार मसान्त सम्ममा योजना सम्पन्न गर्ने सम्झौता भएपनि २०७३ असारमै योजना सम्पन्न भैसकेको उपभोक्ता समितिका उपाध्यक्ष भुपेन्द्र केसीले बताउनुभयो ।

'पाईपलाईन बिछ्याउने, शाखा लाईन विस्तार र मिटर जडान गर्ने लगायत उपभोक्ताले २०७३र७४ मा गर्नुपर्ने काम अघिल्लो वर्षनै श्रमदान जुटाएर सक्यौं' उपाध्यक्ष केसीले भन्नुभयो 'कार्यालयले पनि गत वर्षनै आवश्यक बजेट र पाईप लगायतका सामाग्री उपलब्ध गराएकाले आयोजना छिटो सम्पन्न भएको हो ।'

एक करोड ५३ लाख सात हजार रूपैयाँ लागत अनुमान गरिएको आयोजना उपभोक्ताको सक्रियताका कारण एक करोड ३५ लाख १५ हजार रूपैयाँमा लक्ष्य भन्दा अघिनै सम्पन्न भएको खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयका प्रमुख ईञ्जिनियर शेखरचन्द्र केसीले बताउनुभयो ।

सरकारको ८६ लाख ८८ हजार रूपैया अनुदान र उपभोक्ताको ३८ लाख २६ हजार रूपैया बराबरको श्रमदानमा आयोजना निर्माण भएको हो । ईञ्जिनियर केसीका अनुसार ठेक्का मार्फत काम गर्दा कर, ठेकेदारको मुनाफा र प्रशासनीक खर्च वापत हुने राज्यको लगानी उपभोक्ताबाट काम गर्दा बचत भएको हो ।

उक्त आयोजना मार्फत बाबियाचौर बजारको १५२ वटा घरमा निजी धारा जडान गरिएको छ । घरघरमा धारा जडान भएपछि समयको बचत, सुबिधा र ब्यवस्थापन तथा आयोजनाको दिगो सञ्चालनमा सहयोग पुगेको छ ।

तिब्र रूपमा बस्ती र बजार विस्तार भैरहेको बाबियाचौरमा यसअघि सार्वजनिक धारामा लाईन बस्नुपर्ने, पाईप मार्फत घरमा पानी लैजाने गर्दा मर्मत सम्भारमा कठिनाई हुनुका साथै स्थानीयबासीलाई दुख र असुबिधा थियो ।

'मुहानमा निजी पाईप जोडेर पानी ल्याउन समेत रातीसम्म पालो कुर्नेपर्ने समस्या थियो' स्थानीयबासी यामुना पाण्डेले भन्नुभयो 'घर घरमा जडान भएको धारामा पर्याप्त पानी आउन थालेपछि धेरै सहज भएको छ ।'

सल्यान र भाईवाङको मुहानबाट ल्याएको पानी ५० हजार लिटर क्षमताको मुख्य टंकीमा संकलन र प्रसोधन गरि वितरण गरिएको छ । न्युनतम आठ देखि दश हजार लिटर पानी उपभोग गरेवापत एक सय रूपैयाँका दरले शूल्क निर्धारण गरिएको छ ।

# कुमारीको करिब साठी करोडको कारोबार

**■ नवविकल्प**

बेनीमा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमीटेडले गत आर्थिक वर्ष २०७२/७३ मा करिब साठी करोड रूपैयाँको कारोबार गरेको छ ।

संस्थाको शनिबार बेनीमा सम्पन्न भएको आठौं वार्षिक साधारणसभामा गत आर्थिक वर्षमा ५९ करोड ८८ लाख ३० हजार १०५ रूपैयाँको कारोबार गरेको जानकारी गराइएको हो । छ करोड ८४ लाख ५ हजार ६१६ रूपैयाँ आम्दानी र छ करोड ४० लाख ३९ हजार २५२ रूपैयाँ खर्च गरेको संस्थाले ४३ लाख ६६ हजार ३६३ रूपैयाँ मुनाफा गरेको छ ।

४९ करोड चार लाख २२ हजार ७९७ रूपैयाँ निक्षेप संकलन गरेको संस्थाले ब्यापार, ब्यवसाय, कृषि, बैदेशिक रोजगार, घरेलु उद्योग लगायतका क्षेत्रमा ४५ करोड १९ लाख ८० हजार ६९३ रूपैयाँ लगानी गरेको जनाएको छ । ६७० जना सदस्य रहेको संस्थाको सेयर पुँजी चार करोड ८६ लाख १५ हजार ९०० रूपैयाँ रहेको छ ।

संस्थाका अध्यक्ष थमबहादुर गर्बुजाको अध्यक्षता, उपाध्यक्ष डगमाया पाईजाको स्वागत र सचिब राजकुमार थापाको सञ्चालनमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि संस्थापक अध्यक्ष एवं जिल्ला सहकारी संघका सदस्य मनप्रसाद थजालीले सहकारीको विकासले बचतको बानिको विकासका साथै आर्थिक कारोबार गर्न सहज भएको बताउनुभयो ।

सचिव थापाले संस्थागत, कोषाध्यक्ष बालकुमार रोकाले आर्थिक र विभिन्न उपसमितिहरूको तर्फबाट कोष ब्यवस्थापन उपसमितिका संयोजक भोजबहादुर थापाले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा मुक्ति रोका, जिल्ला शिक्षा कार्यालयका बिद्यालय निरिक्षक दलबहादुर थापा, महिला सेयर सदस्य भगवती पुनले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

**सबै काम एउटै छानामुनी**

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

**दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स**

गणेशटोल बेनी, म्याग्दी

फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८

**विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था**

## नांगीका नर्सरी बाजे
# संरक्षणमा तिन दशक

**■ नवविकल्प डेस्क**



म्याग्दीको राम्चे गाविसको १ र २ नम्बर वडामा पर्ने नांगी गाउँको छुट्टै पहिचान छ । सूचना प्रबिधिका अभियन्ता महाविर पुनको जन्म र कर्मथालो, कृषी, पर्यटन लगायतका हिसावले परिचय बनाएको नांगी गाउँलाई चिनाउने थुप्रै पात्रहरू छन् ।

जस मध्यका एक हुन बेलायतको आवाशिय सुबिधा छोडेर वनस्पती र जडिवुटी संरक्षणमा सक्रिय मोतिबहादुर पुर्जा । राम्चे २ का बासिन्दा पुर्जा "नर्सरी बाजे"को रूपमा चिनिनुहुन्छ । १२ वर्ष गोर्खा सैनीकमा काम गरेर स्वदेश फर्कीएका उमेरले सत्तरी नाघेका पुर्जा नर्सरीमा ३५ वर्षदेखि संरक्षकको रूपमा सक्रिय रहँदै आएका छन् ।

यसैगरी उनि हिमाञ्चल उच्च माविको आयस्रोत जुटाउन सञ्चालित माछा र खरायोपालन ब्यवसायमा पनि एक दशकदेखि कार्यरत छन् । विरूवा उत्पादन गरि विद्यालयको आयस्रोत जुटाउने उद्देश्यले सञ्चालन भएको नर्सरी देश विदेशका अनुसन्धान कर्ताहरूका लागि अध्ययन केन्द्रको रूपमा विकसित भएको छ ।

स्थानीय स्तरमा पाइने जडिवुटी र वनस्पतीको संरक्षण गर्न नर्सरीले टेवा मिलेको छ । नर्सरीका विरूवा, माछा, खरायोपालनबाट भएको आम्दानी हिमाञ्चल उच्च मावि सञ्चालनमा खर्च हुँदै आएको छ । यसबाट वार्षिक एक लाख रूपैयाँको हाराहारीमा आम्दानी हुने विद्यालयले जनाएको छ ।

बेलायत सरकारले बेलाएपनि स्थानीय जडिवुटी र वनस्पतीको संरक्षण गर्दा आफ्नै गाउँबासीलाई फाइदा पुग्ने भएकाले बेलायत नगएको पुर्जा बताउँछन् । "बेलायत सरकारले मलाई बोलाइरहेको छ तर म गएको छैन" पुर्जा त्यहाँ नजानुको कारणबारे भन्छन् "वनस्पती र जडिवुटीमार्फत नेपाललाई अन्तराष्ट्रिय स्तरमा चिनाउने लक्ष्य छ ।"

राम्चे गाविसका सचिव कृष्णबहादुर बिकका अनुसार नांगीका दुई दर्जन पुर्व गोर्खा सैनीकहरू रहेपनि गाउँमा बस्ने मोतीबहादुर र अर्का एक जना मात्रै छन् । "धेरै गोर्खाहरू बेलायत गएका छन केही पोखरामा बस्छन" बिकले भन्नुभयो "मोतीबहादुर गाउँमै भएपनि उदाहरणीय ब्यक्तिवको रूपमा स्थापित भएका छन् ।"

बेलायत सरकारले त्यहाँ गएका गोर्खाहरूलाई दिने सुबिधा भन्दा धेरै कम मासिक पाँच हजार रूपैयाँ तलबमा पुर्जाले विद्यालयको काम गरिरहेका छन् । हाल मासिक १३ हजार रूपैया पेन्सन पाउने उनले बेलायत गएमा सो भन्दा दोब्बर बढी सुबिधा पाउने ब्यवस्था रहेको छ ।

बेलायत सरकारले सन १९७१मा आधा सेवा अवधि पुरा गरेका गोर्खाहरूलाई स्वत अवकाश दिने नीति बनाएपछि पुर्जा पेन्सन आएका थिए । उनी गोर्खा सैनीकमा रहँदा मलेसीया, ब्रुनाई, सिंगापुर र फोकल्याण्डको युद्धमा सहभागि भएका थिए ।

नर्सरीमा चुल्ठे अमिलो, जिन्सीन, घ्यूकुमारी लगायत ३० प्रजातिका जडिवुटी रहेका छन् । यसैगरी दार, उत्तिस, फलाट, सिर्मो, धुपी लगायत ५० प्रजातीका वनस्पतीका विरूवा रहेका छन् ।

सुरूमा संरक्षण केन्द्रको रूपमा स्थापित नर्सरीबाट पछिल्लो समय विरूवा उत्पादन गरि बिक्री गर्न थालीएको छ । वार्षिक वर्ष पाँच हजार विरूवा बिक्री हुन्छ । एक रोपनी क्षेत्रफलमा फैलीएको नर्सरीमा विभिन्न प्रजातीका १० हजार विरूवा रहेका छन् ।

स्थानीय बासिन्दा र नर्सरी अवलोकन गर्न आउनेहरूलाई जडिवुटी र वनस्पतीको महत्वका बारेमा शिक्षा दिने भएकाले उनी "नर्सरी बाजे" भनेर चिनिएका हिमाञ्चल उच्च माविका शिक्षक कृष्ण पुर्जाले बताउनुभयो ।

बेलायत सरकारको सहयोगमा कास्कीको लुम्लेमा स्थापित क्षेत्रीय कृषि अनुसन्धान केन्द्रबाट एक महिनाको तालीम पाएपछि उनको संरक्षण क्षेत्रमा लगाव बढ्यो । वि.स २०३४ सालमा नांगीमा लुम्ले कृषि अनुसन्धान केन्द्रले स्थापना गरेको नर्सरी २०५० देखि पाँच वर्ष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र त्यसपछि हिमाञ्चल उच्च माविले सञ्चालन गर्दै आएको छ ।

पुर्जाको संरक्षण अभियानलाई एक वर्षयता छोरी डेगकुमारीले पनि साथ दिएकी छिन् । एकै ठाउँमा धेरै प्रजातीका वनस्पती र जडिवुटी पाईने भएकाले सो नर्सरीमा देश विदेशका अनुसन्धानकर्ताहरू अध्ययनका लागि आउने गरेका पुर्जाले बताए ।

उनी दिनहुँजसो अवलोकनकर्ताहरूलाई नर्सरीका साथै जडिवुटी र वनस्पतीको बारेमा जानकारी गराउन ब्यस्त हुन्छन् । बुढेशकालमा पनि उनी निकै जाँगरीला र फूर्तीला छन् । स्थानीय जडिवुटी संकलन केन्द्र र संरक्षण स्थलको रूपमा रहेको नर्सरीलाई विरूवा उत्पादनका लागि विस्तार गरि आम्दानी वृद्धी गर्ने योजना बनाइएको छ ।

ब्यक्तिगत सुख सुबिधा त्यागेर सामाजिक हित र संरक्षणकर्ताको रूपमा सक्रिय मोतीबहादुरलाई राज्य तथा अन्य निकायबाट थप उत्प्रेरण दिनु आवश्यक देखिन्छ ।

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।

स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।

**मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ**

मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।

**झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी**

**स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी**

**सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ**

**अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ**

नवविकल्प साप्ताहिक पत्रिकाको इ-पेपर लगायत ताजा स्थानीय तथा राष्ट्रिय समाचारका लागि-

**www.bikalpanews.com**

# संविधान कार्यान्वयनमा जुट्न आग्रह

■ नवविकल्प

प्रथम संबिधान दिवस २०७३ म्याग्दीमा विभिन्न कार्यक्रम गरेर मनाइएको छ ।

संबिधान दिवस जिल्ला समारोह समितिले असोज ३ गते सोमबार बेनीमा प्रभातफेरी र समारोहको आयोजना गरेको थियो । समारोहमा जिल्ला न्यायाधिश रामप्रसाद शर्माले संबिधान कार्यान्वयन गर्न अग्रसरता लिनुपर्ने बताउदै समस्या परे संसोधन गरेर अघि बढ्न सकिने बताउनुभयो ।

संबिधान कार्यान्वयन सुरू नहुदै असन्तुष्टि व्यक्त गर्नु दुःखद भएको न्यायाधिश शर्माको भनाई थियो । प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले संबिधानको स्वामीत्व ग्रहण गरि कार्यान्वयनका लागि सबै राजनितिक दल एकतावद्ध हुनुपर्ने बताउनुभयो ।

विभिन्न राजनीतिक दलका नेताहरूले संबिधानले नेपाली जनताको धेरै भावना र समस्यालाई सम्बोधन गरेकाले त्यसलाई कार्यान्वयन गर्न नेतृत्वले सक्रियता देखाउनुपर्ने बताउनुभयो । नेपाली काँग्रेसका सचिव हरिकुमार श्रेष्ठ, नेकपा एमालेका सचिवालय सदस्य सन्तोष रावल, नेकपा माओवादी केन्द्रका संयोजक गोविन्द पौडेल, राप्रपाका उपाध्यक्ष बिरबहादुर थापा क्षेत्री र राष्ट्रिय जनमोर्चाका अध्यक्ष छवी विकले बोल्नुभएको थियो ।

यस्तै जनमुक्ति पार्टीका नरबहादुर थापा, अखण्ड नेपालका डम्मरबहादुर बानिया, नयाँ शक्ति नेपालका संयोजक भुवन बुढाथोकी, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिबनबहादुर विश्वकर्मा, नागरिक समाजका संयोजक सुर्दशनकुमार श्रेष्ठ, गैरसरकारी संस्था महासंघका अध्यक्ष हरिप्रसाद पौडेलले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलको अध्यक्षता, योजना अनुगमन तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलको सञ्चालन र बेनी नगरपालीकाका ईञ्जिनियर




बिमलरञ्जन कार्कीको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

विभिन्न जातजाती, समुदाय, संघ संस्था, निकाय र राजनितिकर्मीहरूको ऱ्यालीले बजार परिक्रमा गरेर बेनी सामुदायीक उच्च परिसरमा पुगेर औपचारीक कार्यक्रममा परिणत भएको थियो । सो अवसरमा जिल्ला शिक्षा कार्यालयको संयोजनमा भएको बक्तृत्वकला प्रतियोगिताका बिजेता विद्यार्थीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

बेनी आवासीय माविका अभिशेष शर्मा, लिटिल गार्डेनकी सुदिप्ती पौडेल, जामुनाखर्क मावीका टेकबहादुर खत्री र प्रकाश मावीकी सोनी जिसीलाई क्रमश प्रथम, दितृय, तितृय र सान्तवना पुरस्कार एक हजार ५००, एक हजार २००, आठ सय र पाँच सय रूपैयाँ वितरण गरिएको थियो ।

खेलकुद विकास समितिको संयोजनमा भएको मैत्रीपूर्ण फुटबल खेलमा सहभागि राजनितिक दल र कर्मचारीको टोलीलाई प्रमाणपत्र वितरण गरिएको थियो । जामुनाखर्क माविका विद्यार्थीहरूले गीत मार्फत संबिधान कार्यान्वयन, देशको सम्बृद्धी र विकासमा जुट्न सबैलाई आव्हान गरेका थिए ।

बेनी सामुदायिक, प्रकाश मावि र न्यु वेष्ट पोईन्टका विद्यार्थीहरूले राष्ट्रिय गितमा नृत्य प्रस्तुत गरेका थिए भने कराते खेलाडीहरूले खेल प्रतिभा देखाएका थिए । क्याम्पसचोक युथ कल्वको आयोजनामा बेनी बजारका सार्वजनीक स्थलहरूको सरसफाई गरिएको थियो ।

त्रिदिवसीय कार्यक्रम गरि संबिधान दिवस मनाइएको थियो । पहिलो दिन जिल्ला खेलकुद विकास समितिको संयोजनमा राजनितिक दलका नेता र कर्मचारी मिलन केन्द्रबीच मैत्रीपूर्ण फुटबल खेल भएको थियो । २/२ गोलको बराबरीमा खेल सकिएको थियो ।

तेस्रो दिन जिल्ला अस्पताल म्याग्दीका बिरामी र म्याग्दी बालगृहका अनाथ बालबालीकाहरूलाई फलफुल वितरण गरेर दिवसको समापन गरिएको थियो । ३४ जना बिरामी र बालगृहका १२ जना बालबाललिकालाई फलफुल वितरण गरिएको म्याग्दी उद्योग वाणिज्य संघका दितिय उपाध्यक्ष सुबिन श्रेष्ठले जानकारी दिनुभयो ।

म्याग्दी उद्योग वाणिज्य संघको संयोजनमा प्रमुख जिल्ला अधिकारी केशवराज आचार्य, स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेल, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा लगायत संघका पदाधीकारीहरूले फलफुल वितरण गर्नुभएको थियो ।

# टिकोटमा पर्यटकीय पूर्वाधार निर्माण

■ नवविकल्प

म्याग्दीको हिस्तान गाविस ३ र ४ नम्बर वडामा पर्ने टिकोट गाउँका बासिन्दाले श्रमदान र चन्दा संकलन गरेर पर्यटकीय स्थलमा पुर्वाधार निर्माण गरेका छन् ।

टिकोट भेट्रान्सको नेतृत्वमा पञ्चेवल डाडाँमा निर्माण भएको विश्राम कक्ष, भान्छाकोठा र शौचालय सहितको भवन तथा पदमार्गको संबिधान दिवसको अवसरमा सोमबार उद्घाटन गरिएको छ ।

टिकोट घर भई हाल पोखरामा बस्नुहुने चन्दादाता सिंगापुर पुलीसका ईनिस्पेक्टर हिराबहादुर पहरे पुन र सुवेदार नन्दबहादुर गर्बुजा पुनले उद्घाटन गर्नुभएको हो । टिकोट भेट्रान्सका अध्यक्ष गोविन्द गर्बुजाको अध्यक्षता र सचिव दुर्गाबहादुर पुर्जाको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा कोषाध्यक्ष याम बहादुर पुनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा टिकोट माविका प्रअ प्रदिप पुन, क्याप्टेन रनसिङ गर्बुजा, चन्द्रबहादुर पुन, नन्दबहादुर गर्बुजा, टेकमान पुर्जा र आदर्श मावि रिमाका शिक्षक हिरा गौडेलले मन्तव्य व्यक्त गर्नुभएको थियो । समुद्रि सतहदेखि दुई हजार ४०० मिटरको उचाईमा अवस्थित पञ्चेवल डाँडामा छ लाख रूपैयाँको लागतमा पुर्वाधार निर्माण गरिएको टिकोट भेट्रान्सका कोषाध्यक्ष यामबहादुर पुनले जानकारी दिनुभयो ।

धौलागिरी, अन्नपूर्ण रेञ्जका हिमशृङखला, म्याग्दी, पर्वत र बागलुङ जिल्लाका बस्ती र भुगोलको मनमोहन दृष्य अवलोकन गर्न सकिने सो स्थालमा आउने पर्यटकको सुबिधाका लागि पुर्वाधार निर्माण गर्न ७० जनाले श्रमदान र चन्दा सहयोग गरेका थिए ।

पञ्चेवल डाँडालाई पर्यटकीयको साथै बनभोज स्थलको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । सो स्थानमा टिकोटमा जन्म भई हाल पोखरामा बस्नुहुने बेलायती सेनाका सेवा निवृत क्याप्टेन चन्द्रबहादुर पुनले व्यक्तिगत लगानीमा भ्यु टावर निर्माण गर्ने तयारी गर्नुभएको टिकोट माविका प्रअ प्रदिप पुनले बताउनुभयो ।

अन्नपूर्ण धौलागिरी सामुदायिक पदमार्गमा पर्ने टिकोट गाउँमा होम स्टे (घरवास)को समेत ब्यवस्था छ । यसैगरी सामुदायिक लज पनि सञ्चालन भएको छ । मगर संस्कृती, ग्रामिण बस्ती, हिमशृङखला, पहाडी भुगोलको मनमोहक दृष्य अवलोकनका साथै शान्त वातावरण टिकोटको बिशेषता हो ।

बनभोज स्थल उद्घाटन पुर्व टिकोटदेखि तिन समूहका पौढ्ढहरूबीच दौड प्रतियोगिता गरिएको थियो । चालीस देखि पचास वर्ष उमेर समूहमा दुर्गाबहादुर पुन, पचास देखि साठी वर्ष उमेर समूहमा खेमबहादुर पुन र साठी देखि माथीको उमेर समूहमा लालबहादुर गर्बुजा बिजयी हुनुभएको थियो ।

बनभोज स्थलमा पुर्वाधार निर्माणका लागि चन्दा र श्रमदान गर्नेलाई सम्मान र दौडमा बिजयी भएकाहरूलाई पुरस्कार वितरण गरिएको थियो । सो अवसरमा मगर समुदायको सांस्कृतीक पहिचान पुर्ख्यौली नाच र नौमती बाजा बजाएर खुसीयाली मनाइएको थियो ।

## डेढ.....

संख्या एकिन नभएपनि मासिक एक हजार चार सय थान सिम बिक्री हुने गरेको अधिकृत बिक्रेता आचार्यले बताउनुभयो ।

इन्टरनेट चलाउन र टेलीकमको विकल्पमा प्रायःजसो मोबाइल प्रयोगकर्ताले एनसेलको सिम बोक्ने गरेको बताउँछन् । दुई वटै कम्पनीको सिम प्रयोग गरिरहेका पर्वत शालीजाका बिरबहादुर फगामीले मोबाइलको प्रयोगले दैनिक जिवनयापनमा सहजता ल्याएको बताउनुभयो ।

रिचार्जकार्डमा मासिक एक हजार रूपैयाँ खर्च गर्ने फगामीले देश बिदेशमा रहेका आफन्तसँग सूचना अदानप्रदान गर्न सहज बनाएको बताउँनुहुन्छ । श्रमदानका लागि गाउँलेलाई सूचना पठाउने देखि खेताला खोज्ने र कृषि उपज बजारीकरण गर्न समेत मोबाइलले सघाएको छ ।

मोबाइलमा डाटा चलाउँदै आएका भकिम्लीका कृषक धनबहादुर श्रीसले आफ्नो फार्मका खसीबोका र तरकारी बेच्न सामाजिक सञ्जाल फेसबुकको प्रयोग गर्नुहुन्छ । फेसबुकमा खसीबोका र तरकारीको तस्विर राखेको देखेर ब्यापारीले माग गर्ने गरेको श्रीसको भनाई छ । बेनी नगरपालिका १ लामगराका कृषक रूद्रबहादुर थापाले फोनबाट ब्यापारीको अर्डर लिने र माग अनुसार तरकारी बोकेर बजार पुग्ने गर्नुहुन्छ ।

सम्बन्धित व्यक्तिलाई भेटेरै गर्नुपर्ने कुराकानी फोनमार्फत गर्दा समयको बचत भएको छ । निरक्षरहरू पनि मोवाईल प्रयोग गर्नका लागि लेखपढ गर्न थालेका छन् । दशक अघि सूचना आदानप्रदान गर्न चिठीपत्रको प्रयोग हुन्थ्यो । महिनौ लगाएर चिठी एक ठाउँबाट अर्को ठाउँमा पुग्दथ्यो ।

प्रत्यक्ष कुराकानी गर्न व्यक्तिहरू भेट हुनुको विकल्प थिएन् । अब हातमा भएको मोवाईलमा प्रत्यक्ष देखादेख गरेर कुराकानी गर्न पैसा र प्रबिधि भए पुग्ने भएको छ । कुनै समय सर्वसाधारणको चिठपत्र आदानप्रदान गर्न ब्यस्त हुने हुलाक कार्यालयका कर्मचारी फुर्सदिला भएका छन् ।

रिजार्च, इन्टरनेट र टेलीफोनमा सर्वसाधारणको लगानी बढीरहँदा टिकट बेचेर हुलाकले गर्ने आम्दानी बर्षेनी ओरालो लाग्दैछ । सञ्चार, प्रबिधीको पहुँचले समाजमा सुबिधा र सहजतासंगै विभिन्न चुनौतीहरू पनि देखिएको छ ।

म्याग्दी बहुमुखी क्याम्पसका प्रध्यापक भोलानाथ घिमीरे सञ्चार र प्रबिधिको विकासले मनोरञ्जन, ज्ञान, उत्पादनमा सहयोग गरेको छ । उहाँको भनाईमा प्रबिधिको दुरूपयोगले गर्दा समाजमा बिखण्डन, सिर्जनशिलता, मौलिकताको कमी र अश्लिलता बढ्ने चुनौती देखिएको छ ।

"एउटा पुस्ता जबरजस्ती प्रबिधिमा होमीन बाध्य छ" प्रध्यापक घिमीरेले भन्नुभयो "प्रबिधिको सदुपयोग गर्न सकेमा पेशा, ब्यवसाय र जिवनलाई सहज बनाउन सकिने सम्भावनासंगै त्यसको दुरूपयोगले विकृती बढाएको अवस्थालाई समेत नकार्न सकिन्न ।"

सूचना प्रबिधिको दुरूपयोगबाट हुने अपराध, बिकृतीजन्य क्रियाकलाप र नकारात्मक गतिबिधिप्रति स्वम प्रयोगकर्ता सचेत बन्नुपर्ने उहाँको सुझाव छ ।

## शिक्षामा.....

भौगोलिक बिकटता र विद्यालय नजिक नहुँदा अभिभावकले समयमै भर्ना गर्न नसकेको धौलागिरी मावि सिंङगाका शिक्षक खगेश्वर रिजालले बताउनुभयो । पाँच वर्ष पुगेर ६ वर्षमा प्रवेश गरेको अवस्थामा कक्षा १ मा भर्ना गर्नुपर्नेमा सो भन्दा बढी उमेरमा भर्ना गरेका हुन् । यसैगरी राष्ट्रय स्तरमा कक्षा छाड्ने दर ४.६ रहेकोमा म्याग्दीमा ५.५ प्रतिशत छ ।

बसाईसराईका कारण विद्यालय परिवर्तन गर्दा तथ्याङ्कमा विद्यालय छाड्ने दर बढी देखिएको आदर्श मावि रिमाका स्रोत व्यक्ति भरत पुनले बताउनुभयो । एसएलसी र अन्य कक्षाको उतिर्णदर राम्रो देखिएपनि कक्षा ८ को उतिर्णदर ८०.८ प्रतिशत छ । राष्ट्रिय स्तरमा कक्षा ८ को उर्त्तिणदर ८०.८ प्रतिशत छ ।

प्राबि तह पुरा गर्न ५ वर्ष लाग्नुपर्नेमा कक्षा दोहोराउने समस्याले गर्दा म्याग्दीका विद्यार्थीलाई सरदर ६.७ वर्ष लाग्ने गरेको छ । परिक्षा केन्द्रित शिक्षण क्रियाकलाप र पढाईले तथ्याङ्कमा अगाडी देखिएपनि गुणस्तरमा चुनौती रहेको अर्जुन उच्च मावि भकुण्डेका स्रोत व्यक्ति दुर्गाराम सुवेदीले बताउनुभयो ।

बहुअपाङ्गता भएका बाहेकका सबै बालबालिका विद्यालयको पहुँचमा रहेको शिक्षा कार्यालयले बताएको छ । तथ्याङ्कीय रूपमा सन्तोषजनन देखिएको शिक्षाको पहुँचलाई थप सुदृढीकरण गर्न चालु आर्थिक वर्षदेखि शिक्षकको क्षमता विकास र गुणस्तरीयतालाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्न शिक्षा कार्यालयलको योजना रहेको छ ।

# ग्रामीण सडक खुलाउने तयारी

■ नवविकल्प

बर्षातका कारण आवरूद्ध भएका म्याग्दीका ग्रामिण सडक दसै अघिनै खुलाउने तयारी भएको छ ।

गत असारदेखि अवरूद्ध भएका सडक मर्मतका लागि जिल्ला विकास समितिले मंगलबार छत्तीस लाख रूपैयाँ बजेट वितरण गरेको छ । स्थानीय विकास अधिकारी चिरञ्जिवी पौडेलको अध्यक्षतामा राजनितिक दलका प्रतिनिधिहरूको उपस्थितीमा बसेको बैठकले २८ वटा सडक, एक वटा घोरेटो बाटो मर्मत र एक वटा प्रवेशद्धार निर्माण योजनाका लागि ३७ लाख रूपैया बितरण गर्ने निर्णय गरेको हो ।

जिविसको मर्मत सम्भार कोषबाट उक्त बजेट बितरण गरिएको जिविसका योजना अनुगमन तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । बर्खा, बाढी र पहिरोका कारण अवरूद्ध भएका सडक दसै अघिनै सञ्चालनमा ल्याउन उपभोक्ता समितिसंग सम्झौता गरेर काम अघि बढाइने पौडेलले बताउनुभयो ।

म्याग्दीका अधिकांश ग्रामिण सडक गत असार पहिलो हप्तादेखि अवरूद्ध भएका छन् । सडक अवरूद्ध हुदा ग्रामिण क्षेत्रका बासिन्दालाई आवत जावत, उपभोग्य सामान, निर्माण सामाग्री ढुवानी र स्थानीय उत्पादन निकासी गर्न समस्या भएको छ । दरवाङ ताकम मुना सडकलाई दुई लाख, १२ वटा सडकलाई एक लाख पचास हजार र १४ वटा सडकलाई एक लाख रूपैयाका दरले बजेट वितरण गरिएको छ ।

एक लाख पचास हजार रूपैयाँका दरले बजेट वितरण भएका सडकहरूमा दर्वाङ फुलबारी अधिभारा ओखरबोट सोले, ताराखेत सल्यान भर्जुला हिदी, सिम कोत्रवाङ कुहुँ पूर्णगाउँ, सिमलचौर मिठौला डडुवा पूर्णगाउँ टोड्के, पोक नेटा किमचौर, भिँ पाखापानी कोटगाउँ, महारानीथान छाप डाँडाखेत ठूलोखोला, रत्नेचौर अर्जम भकुण्डे, फुलबारी सौरबोट ओखरबोट, गलेश्वर पिप्ले मौवाफाँट र हाडेभिर बांगेरा पिपलडाँडा भकुण्डे रहेका छन् ।

यसैगरी रातोढुंगा दुखुबेशी दुखु लेक, अर्थूङ्गे भिरमुनी पुलाचौर, तोरीपानी वाखेत भिँ, पाखापानी ठाडाखानी, महारानीथान भराले थाकनपोखरी डाँडागाउ, फलामेडाँडा नागी राम्चे, महभीर घराम्दी, तातोपानी मान्द्रेढुंगा, तिप्ल्याङ बादुक, गलेश्वर काउलेगौडा पात्लेखेत, ठूलागैर चिसापानी अर्जम, थामडाँडा मरेक डोले, घतान कापर स्यानीखेत नेप्टेचौर र पिप्ले बोगटीपौवा रानीपौवा सडकलाई एक लाख रूपैयाका दरले वितरण गरिएको छ ।

भगवतीमा गाविस प्रवेशद्धार बनाउन एक लाख र लुलाङमा घोरेटोबाटो मर्मतका लागि पचास हजार रूपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको जिविसले झोलुङ्गे पुलको लठ्ठा छिनेर आवत जावतमा समस्या भएको धौलागिरी चक्रिय पदमार्गको मर्मतका विषयमा भने कुनै निर्णय गरेको छैन् ।

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८४७६२८०११, ९८४७६१९०११

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी

फोन-०६९-५२११७९
मो.नं. ९८५७६४०९२१

हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

# "अतृप्त प्यास जिन्दगीको" बिमोचन




■ नवविकल्प

म्याग्दीका युवा साहित्यकार शङ्कर चोखालद्धारा लिखित मुक्तक संग्रह "अतृप्त प्यास जिन्दगीको" शुक्रबार बेनीमा बिमोचन गरिएको छ ।

म्याग्दी साहित्य सञ्चारको आयोजनामा भएको कार्यक्रममा अग्रज साहित्यकार प्रेमप्रकाश पौडेलले मुक्तक संग्रहको बिमोचन गर्नुभएको हो । म्याग्दी साहित्य सञ्चारले सुरू गरेको बुलबुलको आगनमा कार्यक्रम अन्तर्गत शुक्रबार बुलबुलमा शङ्कर नाम दिएर उक्त कार्यक्रमको आयोजना गरेको थियो ।

शिक्षण पेशामा आवद्ध चोखालले यअघि सिर्जनाको फूल नामक कविता सङ्ग्रह प्रकाशन गर्नुभएको थियो । बेनपा १० नेप्टेचौरका चोखालले फुटकर गजल, कविताहरू समेत लेख्दै आउनुभएको थियो ।

मुक्तक सङ्ग्रहमा समाजका रहेका विषय वस्तुलाई मुक्तकको माध्यमबाट उजागर गर्ने प्रयास गर्नुभएको छ । कार्यक्रममा कृतिकार चोखालले विभिन्न चरणमा एकल कविता, गजल र मुक्तक बाचन गर्नुभएको थियो ।

विमोचन कार्यक्रममा अग्रज साहित्यकार पौडेलले पछिल्लो समयमा म्याग्दीमा बढेको साहित्यक गतिबिधीप्रति खुसी ब्यक्त गर्नुभयो । कार्यक्रममा साहित्यकार ध्रुवलाल शर्मा, रामप्रसाद सुवेदी, अजय मिलन श्रेष्ठ, भक्त कार्की, रघुगंगा माविका प्रअ रमेशसिङ ठकुरी, चन्द्रबहादुर लामिछाने र कार्यक्रम संयोजक समिर रोकाले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

म्याग्दी साहित्य सञ्चारका अध्यक्ष लोकनाथ भुषालको अध्यक्षता, उपाध्यक्ष सुशील थकालीको स्वागत तथा सचिव सन्दीप खत्रीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# विनोदको गीति कोशेली




■ नवविकल्प

म्याग्देली कलाकार बिनोद विश्वकर्माले चाडपर्वमा घरमा आउन नपाउने परदेशीहरूको पीडालाई समेटेर गीति एल्बम तयार पारेका छन् ।

म्याग्दीको भकिम्ली २ का बिनोद र उनकी बहिनी अमृताको आवाजमा रहेको "..दशैमा त घर आउनुहैं" बोलको गीत हिमसम्झौता डिजीटलले सार्वजनिक गरेको हो । गीतमा बिनोद र अमिता छन्तेलको अभिनय रहेको छ ।

युटुयव र सिडी मार्फत गीत सार्वजनिक गरिएको छ । आफन्तजन भेला भएर खुसी, शुभकामना साटासाट र दुःख पीडा बिर्सेर रमाइलो गर्ने दसै, तिहार लगायत चाडपर्वमा घर आउन नपाउने परदेशी तथा विदेशीएका आफन्तको अनुपस्थितीमा न्यास्रो मानेर चाँडवाड मनाउन बाध्य भएकाहरूको भावनालाई गीतमा समावेश गरिएको छ ।

विनोदको यो चौथो गीति एल्बम हो भने अमृताले पहिलो पटक यही गीत मार्फत साङगीतिक क्षेत्रमा डेब्यु गरेकी हुन् । काठमाडौमा बसेर साङगीतिक क्षेत्रमा संघर्ष गरीरहेका विनोदले एक दर्जन गीतमा लय तथा शब्द संकलन गरेका छन् ।


# सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४




प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४

प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४

"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"

# जीवन सुन चाँदी दुकान

बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)

विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस 'जीवन सुनचाँदी दुकान'ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

प्रो. प्रदिप सापकोटा मो. ९८५७६४०२२२

# रामकृष्ण कन्स्ट्रक्सन तथा सोम फर्निचर उद्योग

बेनी नगरपालिका-४, खबरा, म्याग्दी
फोन नम्बर ०६९-५२०४२२

हाम्रा सेवाहरू

दराज, कुर्ची, टेबुल, ढोका, खापा, झ्याल, पलङ, सोफा लगायत फर्निचर तथा फर्निसिङका सम्पूर्ण कार्यहरु गरिनुका साथै निर्माण सम्बन्धी सम्पूर्ण कामका लागि हामीलाई सम्झनुहोस् ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी

# रारा अटोमोबाईल्स

पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)

हाम्रा सेवाहरू

विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा

# लामा भान्छाघर एण्ड रेष्टुरेन्ट

कोटभण्डारचोक, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु

फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा

प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)

# महत न्यू फेन्सी पसल

न्यूरोड, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०

# विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स

शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७

हाम्रा सेवाहरू

छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७

# संगम ट्रेडर्स & संगम हार्डवयर

कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८

हाम्रा सेवाहरू

हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।

ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता

हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७


नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286